राष्ट्रिय गौरवका आयोजनाको समय तथा लागत अधिकता सम्बन्धी संक्षिप्त विवरण

पृष्ठभूमि

नेपाल सरकारले आ.व. २०६८/६९ देखि राष्ट्रिय महत्वका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा कार्यान्वयन गर्दै आएको छ। यी आयोजना मुलुकको दीर्घकालीन सोच, रणनीतिक प्राथमिकता र संरचनात्मक आर्थिक रूपान्तरणको मेरुदण्ड मानिन्छन्। यातायात, जलस्रोत, सिँचाइ, ऊर्जा, खानेपानी, धार्मिक तथा सांस्कृतिक सम्पदा, पर्यटन, वन तथा वातावरण संरक्षण, खेलकूद लगायतका क्षेत्रसँग प्रत्यक्ष जोडिएका यी आयोजनाहरूले राष्ट्रिय आवश्यकतालाई सम्बोधन तथा सामान्यतया रूपान्तरणकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। यी आयोजनाहरूलाई दीर्घकालीन आर्थिक वृद्धिमा योगदान दिने परियोजनाका रूपमा प्राथमिकता दिनुका साथै यिनीहरूको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिएको छ। राष्ट्रिय गौरवका आयोजनाको भूमिकालाई राष्ट्रिय सुरक्षाको सुदृढीकरण, सामाजिक तथा सांस्कृतिक एकीकरण, संरचनागत आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा सहयोगी हुनेगरी कार्यान्वयन गर्न जोड दिइएको छ।

यी आयोजनाको घोषणा नेपाल सरकार (मन्त्रिपरिषद्को) निर्णय अनुसार हुने गरेको छ। आ.व. २०६८/६९ मा १७ वटा, आ.व. २०७०/७१ मा ४ वटा, आ.व. २०७५/७६, आ.व.२०७६/७७ र आ.व. २०७७/७८ मा एक/एक वटा तथा आ.व. २०८०/८१ मा २ वटा आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा कार्यान्वयन प्रक्रिया अघि बढाउने गरि निर्णय भएको थियो। हालसम्म यी आयोजनाको जम्मा संख्या २६ पुगेको छ । यी आयोजनाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित मन्त्रालय र आयोजना प्रमुखबीच कार्यसम्पादन करार गर्ने व्यवस्था समेत गरिएको छ। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय योजना आयोगबाट यी आयोजनाहरूको कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय, सहजीकरण र अनुगमन तथा मूल्यांकन गर्ने गरिएको छ। आयोजना तयारी र कार्यान्वयनको क्रममा देखापरेका समस्या समाधानको लागि राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा छलफल तथा निर्णय गर्ने व्यवस्था रहेको छ।

उद्देश्य

राष्ट्रिय गौरवका आयोजनाहरूको समग्र उद्देश्य समृद्ध नेपालको निर्माणमा योगदान पुऱ्याउनु रहेको छ। साथै, यी आयोजनाहरूको क्षेत्रगत रुपमा निम्न प्रमुख उद्देश्य रहेको छ।

- सिँचाइ सुविधा मार्फत् कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने,
- यातायात पूर्वाधारको विकास मार्फत् सघन अन्तरआबद्धता बढाउने,

- उच्च क्षमताका, ठूला र जलायशयुक्त आयोजनाबाट जलविद्युत उत्पादन गरी ऊर्जाको स्वदेशी मागलाई पूर्ति गर्दै अन्तरदेशीय व्यापार गर्ने,
- सांस्कृतिक सम्पदालाई मुख्य पर्यटकीय गन्तव्यहरूको रूपमा विकास गर्ने,
- शुद्ध खानेपानीको आपूर्तिलाई सहज बनाउने,
- खेलकुदका पूर्वाधार निर्माण र विकास मार्फत खेलकुद प्रवर्द्धन गरी देशको अन्तर्राष्ट्रिय छवि बढाउने,
- चुरे क्षेत्रको संरक्षण मार्फत् जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गर्दै जैविक विविधताको व्यवस्थापन तथा पर्यावरणीय सन्तुलनमा टेवा पुऱ्याउने ।

राष्ट्रिय गौरवका आयोजना निर्धारणका आधार

नेपाल सरकारबाट स्वीकृत आयोजना वर्गिकरणको आधार तथा मापदण्ड,२०८० को व्यवस्था राष्ट्रिय गौरवका आयोजना निर्धारणका लागि देहाय बमोजिमको आधार तोकिएको छ।

१. लागत रकम कम्तिमा पचास अर्ब रुपयाँ भएको
२. विकासको राष्ट्रिय प्रथमिकता र रणनीतिको विषयक्षेत्र भित्र परेको
३. सरकारको दीर्घकालीन सोच तथा लक्ष्य प्राप्तिमा प्रत्यक्ष योगदान पुऱ्याउने
४. आयोजना सञ्चालनबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने
५. आर्थिक क्रियाकलापमा वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा योगदान पुऱ्याउने
६. राष्ट्रिय सुरक्षा वा सामाजिक, सांस्कृतिक एकीकरण वा संरचनात्मक आर्थिक रुपान्तरणका हिसावले रणनीतिक महत्व राख्ने
७. आम समुदायमा राष्ट्रिय भावना जगाई एकताको सुत्रमा जोड्न योगदान पुऱ्याउने र
८. सामाजिक रुपान्तरण तथा मानव विकासमा सकारात्मक प्रभाव पार्ने।

साथै, राष्ट्रिय गौरवका आयोजना बढीमा १० वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था रहेको छ।

आयोजनाको समय तथा लागत अधिकता

यस प्रतिवेदनमा अध्ययन गरिएका २६ वटा राष्ट्रिय गौरवका आयोजनालाई तीन वटा समूहमा वर्गीकरण गरी विश्लेषण गरिएको छ।

अ. निर्माण सम्पन्न भएका राष्ट्रिय गौरवका आयोजना

राष्ट्रिय गौरवका आयोजनाहरू मध्ये हालसम्म तीन वटा आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको छ। माथिल्लो तामाकोशी जलविद्युत आयोजना आ.व. २०६७/६८ मा सुरु भई आ.व. २०७५/७६ मा सम्पन्न हुने प्रारम्भिक लक्ष्य रहेकोमा आ.व. २०८०/८१ मा सम्पन्न भएको छ। यस आयोजनाको प्रारम्भिक लागत रु. ३,५२९ करोड अनुमान गरिएकोमा संशोधित लागत रु. ८,९४२ करोड पुगेको छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आ.व. २०७२/७३ मा सुरु भई आ.व. २०७८/७९ सम्म सम्पन्न गर्ने लक्ष्य लिइएकोमा आ.व. २०८०/८१ मा सम्पन्न भएको छ। यस आयोजनाको प्रारम्भिक लागत रु. ६२२ करोड अनुमान गरिएकोमा रु. ६६३ करोडमा सम्पन्न भएको छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आ.व. २०७४/७५ मा सुरु भई आ.व. २०७७/७८ सम्म सम्पन्न गर्ने योजना रहेकोमा आ.व. २०७९/८० मा सम्पन्न भएको देखिन्छ। यसको निर्माण लागत रू. २,२०० करोडबाट रु. २,५३४ करोड पुगेको छ। समय र लागतमा केही अधिकता भएतापनि यी आयोजनाले मुलुकमा ऊर्जा उत्पादन तथा आत्मनिर्भरता, अन्तर्राष्ट्रिय हवाई पूर्वाधार विस्तार र पर्यटन प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्। यी आयोजनाबाट दूरगामी रूपमा विकासका दीर्घकालीन लक्ष्य हासिल गर्न सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

तालिका १. सम्पन्न भएका राष्ट्रिय गौरवका आयोजनाको विवरण

क्र.सं.	आयोजनाको नाम	आयोजना सुरू भएको आर्थिक वर्ष	सम्पन्न हुने आर्थिक वर्ष (प्रारम्भिक)	सम्पन्न हुने आर्थिक वर्ष (संशोधित)	आयोजनाको सुरूको लागत (रू.करोडमा)	आयोजनाको संशोधित लागत (रू.करोडमा)
१	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	२०६७/६८	२०७५/७६	२०८०/८१	३५२९.००	८९४२.००
२	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७२/७३	२०७८/७९	२०८०/८१	६२२.००	६६३.००
३	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७४/७५	२०७७/७८	२०७९/८०	२२००.००	२५३४.००

नोट: माथि उल्लेखित विवरण सम्बन्धित विषयगत मन्त्रालयबाट प्राप्त विवरणको आधारमा तयार गरिएको छ। आयोजनाको लागत रकम प्रचलित मूल्यमा प्रस्तुत गरिएको छ।

आ. निर्माणाधीन राष्ट्रिय गौरवका आयोजना

राष्ट्रिय गौरवका आयोजना मध्ये १९ वटा राष्ट्रिय गौरवका आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्। यसको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ। सिँचाइ आयोजनाहरूमा सिक्टा, बबई, रानी जमरा कुलरिया र भेरी-बबई डाइभर्सनमा समय तथा लागत अधिकता भएको देखिन्छ। ऊर्जा क्षेत्रका निर्माणाधीन बुढीगण्डकी जलविद्युत आयोजनाको समय र लागत अधिकता उच्च रहेको छ भने विद्युत प्रसारण आयोजनाको सामान्य अधिकता रहेको छ। सडक यातायात क्षेत्रका आयोजनाहरूको समेत समय एवम् लागत अधिकता रहेको छ। तर कालीगण्डकी, कर्णाली करिडोर र काठमाडौं-तराई द्रुतमार्ग निर्धारित समय सीमाभित्र नै निर्माण सम्पन्न हुनेगरी कार्य भइरहेको छ। तराईको भित्री भागमा जोड्ने आधारको रूपमा रहेको

हुलाकी लोकमार्ग आ.व. २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो आयोजना निर्माणको अन्तिम चरणमा रहेको छ । पुष्पलाल (मध्यपहाडी) लोकमार्गको समय अधिकता र लागत वृद्धि उच्च रहेको छ । तथापि, यस आयोजनाले मध्यपहाडी क्षेत्रका २६ जिल्लामा पहुँच अभिवृद्धि गर्दै अधिकांश खण्ड सञ्चालनमा रहेको छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्गको कार्य क्षेत्र विस्तारको कारण लागत अधिकता उच्च रहेको देखिन्छ । काठमाडौँ उपत्यकामा दीर्घकालीन खानेपानी सुरक्षाको आधारको रूपमा रहेको मेलम्ची आयोजनाको समय अधिकता उच्च रहेको छ । सांस्कृतिक र वातावरणीय क्षेत्रमा पशुपति क्षेत्र विकास, लुम्बिनी विकास र राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको लागत अधिकता उच्च रहेको छ । पशुपति क्षेत्रमा धार्मिक पर्यटन र सम्पदा संरक्षण, लुम्बिनी क्षेत्रमा बौद्ध सम्पदाको विकास र चुरे क्षेत्रमा वातावरणीय संरक्षणमार्फत यी परियोजनाले अमूर्त सांस्कृतिक धरोहर र प्राकृतिक स्रोतको दिगोपनलाई सुरक्षित गरिरहेका छन् । गत आ.व. २०८१/८२ मा घोषणा भएका खेलकुद क्षेत्रका मूलपानी क्रिकेट एकेडमी तथा रंगशाला र गिरिजा प्रसाद क्रिकेट रंगशाला निर्माणको तयारीको क्रममा रहेका छन् ।

तालिका २. निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाको विवरण

क्र.सं.	आयोजनाको नाम	आयोजना सुरू भएको आर्थिक वर्ष	सम्पन्न हुने आर्थिक वर्ष (प्रारम्भिक)	सम्पन्न हुने आर्थिक वर्ष (संशोधित)	आयोजनाको सुरूको लागत (रू.करोडमा)	आयोजनाको संशोधित लागत (रू.करोडमा)
१	सिक्टा सिँचाइ आयोजना	२०६१/६२	२०७५/७६	२०८९/९०	१,२८०.००	५,२८९.००
२	बबई सिँचाइ आयोजना	२०४५/४६	२०६९/७०	२०८२/८३	२८७.३९	१,८९६.३०
३	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०६७/६८	२०७४/७५	२०८२/८३	१,२३७.००	२,७७०.२४
४	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८/६९	२०७५/७६	२०८४/८५	१,६४३.३०	३,६८०.७७
५	सुनकोशी मरिन डाइभर्सन बहुउद्धेश्यीय आयोजना	२०७३/७४	२०८५/८६	२०८५/८६	४,६१९.३९	४,६१९.३९
६	महाकाली सिँचाइ आयोजना	२०६३/६४	२०८७/८८	२०८७/८८	३,५००.००	३,५००.००
७	बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना	२०६९/७०	२०७७/७८	२०८५/८६	२६,०००.००	३९,८०२.००
८	विद्युत प्रसारण आयोजना	२०७४/७५	२०८५/८६	२०८५/८६	६३०*	६९७*
९	पुष्पलाल मध्यपहाडी लोकमार्ग	२०६४/६५	२०७३/७४	२०८४/८५	३,३३६.००	८,४३३.००
१०	हुलाकी लोकमार्ग	२०६६/६७	२०७४/७५	२०८३/८४	४,७२४.००	६,५२०.००
११	उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग	२०६५/६६	२०७९/८०	२०८३/८४	१,२५४.९०	१,६८२.९०
१२	उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग	२०६६/६७	२०८२/८३	२०८२/८३	३,०००.००	३,५००.००
१३	उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग	२०६५/६६	-	२०८४/८५	४१०.००	६६६.१९

क्र.सं.	आयोजनाको नाम	आयोजना सुरू भएको आर्थिक वर्ष	सम्पन्न हुने आर्थिक वर्ष (प्रारम्भिक)	सम्पन्न हुने आर्थिक वर्ष (संशोधित)	आयोजनाको सुरूको लागत (रू.करोडमा)	आयोजनाको संशोधित लागत (रू.करोडमा)
१४	काठमाण्डौ-तराई-मधेश द्रुतमार्ग	२०७३/७४	२०८२/८३	२०८५/८६	११,६००.००	२१,१९३.००
१५	रेल वे तथा मेट्रो विकास आयोजना	२०६५/६६	२०८६/८७	२०८६/८७	७,०६२.००	९५,५२२.००
१६	मेलम्ची खानेपानी आयोजना	२०५५/५६	२०७०/७१	२०८५/८६	२,४००.००	३,१३६.००
१७	पशुपति क्षेत्र विकास कोष	२०७०/७१	निरन्तर	निरन्तर	१२७.००	२२७.००
१८	लुम्बिनी क्षेत्र विकास कोष	२०६९/७०	-	२०८२/८३	५५५.००	१,३२६.००
१९	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम	२०७१/७२	२०९३/९४	२०९३/९४	१२५.००	२४,९७०.०२
२०	मूलपानी क्रिकेट एकेडमी तथा रंगशाला	२०८१/८२	२०८५/८६	२०८५/८६	७४९.००	७४९.००
२१	गिरीजा प्रसाद कोइराला क्रिकेट रंगशाला	२०८१/८२	२०८४/८५	२०८४/८५	३६४.६३	३६४.६३

नोट: माथि उल्लेखित विवरण सम्बन्धित विषयगत मन्त्रालयबाट प्राप्त विवरणको आधारमा तयार गरिएको छ । थप विवरण प्राप्त भएपश्चात अद्यावधिक गरिने छ। आयोजनाको लागत रकम प्रचलित मूल्यमा प्रस्तुत गरिएको छ। *अमेरिकी डलर दश लाखमा।

इ. निर्माण सुरू नभएका राष्ट्रिय गौरवका आयोजना

राष्ट्रिय गौरवका आयोजना मध्ये दई वटा आयोजनाको निर्माण कार्य प्रारम्भ हुन सकेको छैन। सुदूरपश्चिम प्रदेशको बझाङ, डोटी, डडेल्धुरा र बैतडी जिल्लामा पश्चिम सेती जलविद्युत आयोजनाको प्रारम्भिक अनुमानित लागत अमेरिकी डलर १.३ अर्ब रहेकोमा वित्तीय योजना, लगानीको खाका र कार्यान्वयन मोडेलको कारण यसको कार्यान्वयन सुरू हुन सकेको छैन। नेपालको हवाई क्षेत्रको क्षमता अभिवृद्धि तथा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा रहेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ समेत विभिन्न कारणले गर्दा यसको तयारी तथा कार्यान्वयन सम्बन्धी कार्य हुन सकेको छैन।

तालिका ३. निर्माण प्रारम्भ नभएका राष्ट्रिय गौरवका आयोजनाको विवरण

क्र.सं.	आयोजनाको नाम	आयोजना सुरू हुने आर्थिक वर्ष	सम्पन्न हुने आर्थिक वर्ष (प्रारम्भिक)	सम्पन्न हुने आर्थिक वर्ष (संशोधित)	शुरूको कुल लागत (अमेरिकी डलर दश लाखमा)
१	पश्चिम सेती जलविद्युत आयोजना	२०६७/६८	-	एकीन नभएको	१३२०.००
२	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१/७२	२०७८/७९	एकीन नभएको	१६५००.००

नोट: माथि उल्लेखित विवरण सम्बन्धित विषयगत मन्त्रालयबाट प्राप्त विवरणको आधारमा तयार गरिएको छ । थप विवरण प्राप्त भएपश्चात अद्यावधिक गरिने छ। आयोजनाको लागत रकम प्रचलित मूल्यमा प्रस्तुत गरिएको छ।